बैठक संख्या : ८५ (पचासी)

समय : दिउँसो

आज मिति २०८० श्रावण १५ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री वद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री वावुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत वहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सवु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ८५ औं कार्यपालिका बैठक (२०८०।०४।१५)

## विषय सूचीः

१. ८४ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा
२. कार्यालयबाट भएका विभिन्न निर्णय अनुमोदन सम्बन्धमा
३. भैरुम मा.वि कम्प्युटर विज्ञान विषय थप सम्बन्धमा
४. शिक्षा शाखाको विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि २०८० स्वीकृत सम्बन्धमा
५. विदुर चोक देखि नुवाकोट भैरवी सडक मापदण्ड सम्बन्धमा
६. जारी भएको रसिद संशोधन सम्बन्धमा
७. वडा नं ८ र ११ को शहरी स्वास्थ्य केन्द्रमा अस्थायी अ.न.मी पद थप तथा विज्ञापन सम्बन्धमा
८. बसपार्कको ठेक्का सम्झौता सम्बन्धमा
९. दुधेलामा कालिकाको छलफल सम्बन्धमा
१०. विविध
 क) सहकारी संस्थाको लेखा परीक्षक सूचीकरण सम्बन्धमा
 ख) घ वर्गको इजाजत पत्र सम्बन्धमा
 ग) न्यायिक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा
 घ) ठेक्काको म्याद थप सम्बन्धमा
 ङ) विद्यालय नर्सको थप कामकाज सम्बन्धमा
 च) भूमिहिन दलित र भुमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन भूमि अनयोग जिल्ला शाखामा सिफरिस गर्ने सम्बन्धमा

**प्रस्ताव नं १. ८४ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

**निर्णय नं. १ :** नगर कार्यपालिकाको ८४ औं वैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका वारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धित शाखाहरुलाई निर्देशन दिने ।

**प्रस्ताव नं २ : कार्यालयबाट भएका विभिन्न निर्णय अनुमोदन सम्बन्धमा**

**निर्णय नं २ :**

क) यस विदुर नगरपालिका भित्रका गरीव जेहेन्दार स्थानीय वासिन्दा भएका विद्यार्थीका लागि प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति प्रदान गर्ने कार्यविधि तथा मापदण्ड २०७७ बमोजिम छनौट भई श्री पोष्ट वहादुर वोगटी बहुप्राविधिक शिक्षालयमा अध्ययनरत व्याच १ र व्याच २ का विद्यार्थीलाई वितरण गर्ने छात्रवृत्तिको दायित्व आ.व. ०८०/०८१ को वजेटमा समावेश भएकोले अनुमोदन गर्ने ।

ख) आर्थिक वर्ष ०८०/०८१ को नदिजन्य तथा खानिजन्य पदार्थ र कवाडी सम्बन्धी बोलपत्र (E-Bidding) मिति २०८०/०३/२१ मा सूचना प्रकाशन गर्न कार्यालयको तर्फबाट पठाईएकोमा सर्भरको समस्याले सूचना मिति २०८०/०३/२४ गते प्रकाशन भएकोले उक्त सूचना प्रकाशन भएको निर्णय अनुमोदन गर्ने ।

ग) बिदुर नगरपालिकाको आफ्नो क्षेत्राधिकार भित्र पर्ने वडा नं. २ को तादीखोला किनारमा निर्माणाधिन पुल छेउमा र वर्डस्टोन क्रसर उद्योग जाने बाटो नजिक थुपारी राखेको (ढुङ्गा/ग्राभेल) यस कार्यालयले जारी गरेको साधारण निर्माणजन्य पदार्थको संकलन उत्खनन् बिक्री तथा व्यवस्थापन कार्यविधि २०७७ को दफा १७ अनुसार ८५३८६१ घ.फि. जफत गरी लिलाम बढाबढ गर्न यस कार्यालयले मिति २०८०/०३/२२ गते सूचना प्रकाशन गर्न गरेको निर्णयलाई अनुमोदन गर्ने ।

घ) बिदुर नगरपालिका वडा नं.४ को वसपार्क आ.व.०८०/०८१ र ०८१/०८२ को लागि मिति २०८०/०३/२२ मा ठेक्काको लागि सूचना प्रकाशन गरेकोले उक्त सूचना प्रकाशन गर्न भएको निर्णय अनुमोदन गर्ने ।

**प्रस्ताव नं ३ : भैरुम मा.वि कम्प्युटर विज्ञान विषय थप सम्बन्धमा**

**निर्णय नं ३ :** बिदुर नगरपालिका स्थित भैरुम मा.वि. बिदुर ८ ले कक्षा ११ मा पढाइहुने ऐच्छिक विषय दोस्रो समूहमा कम्प्यूटर विज्ञान (कक्षा ११ को २३१ र कक्षा १२ को २३३) थप अनुमतीको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा शाखामा फाईल पेश गरेकोले बिदुर शिक्षा नियमावली २०७४ को दफा १९ को उपनियम ३ (संशोधन सहित) उक्त ऐच्छिक विषय कम्प्यूटर विज्ञान थप गर्न श्री भैरुम मा.वि. हात्तिगौडा, बिदुर ८ लाई दिने ।.

**प्रस्ताव नं ४: शिक्षा शाखाको विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि २०८० स्वीकृत सम्बन्धमा**

**निर्णय नं ४ :** बिदुर नगरपालिकाको विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी कार्यविधि २०८० विधायन समितिबाट पेश भए बमोजिम संशोधन सहित स्वीकृत गर्ने ।

**प्रस्ताव नं ५: विदुर चोक देखि नुवाकोट भैरवी सडक मापदण्ड सम्बन्धमा**

**निर्णय नं ५:** बिदुर चोक देखि नुवाकोट भैरबी सडकको दायां वायां वनेको संरचनाको नक्सा पास नभएकोले सेवाग्राहीले नक्सापास गर्न यस कार्यालयमा निवेदन दिएको हुंदा उक्त सडकको मापदण्ड अनुसार सडकको केन्द्रवाट १५ मिटर छोडि निर्माण गरेको संरचनालाई मात्र नक्शा पास गर्ने व्यवस्था भएको हुंदा त्यस बनिसकेको संरचना सम्बन्धमा सडक डिभिजन कार्यालय, नुवाकोटलाइ बनिसकेको घरको सम्बन्धमा नयाँ केहि मापदण्ड भए नभएको बारे पत्राचार गरि सोध्ने ।

**प्रस्ताव नं ६ :जारी भएको रसिद संशोधन सम्बन्धमा**

**निर्णय नं ६ :** विदुर नगरपालिका र वडा कार्यालयमा राजश्व कर तिरी सेवाग्राहीले प्राप्त गर्ने विल (रसिद) मा भौतिक संरचना भएको, वाटो कायम भएको भनी वडा कार्यालयहरुवाट जारी गरेको विल

रसिदमा शीर्षक परिवर्तन भएको भनी वडा कार्यालयको सिफारिस साथ विल (रसिद) खारेज गर्न वा भएको संरचना र कायम भएको बाटोलाई नभएको भनी पुन:सच्याउन सेवाग्राहीहरु यस कार्यालयमा आउने गरेको हुंदा उक्त विषयको गम्भीरतालाई हेरी यदी संशोधनको लागि औचित्य पुष्टि हुने प्रमाण पेश गरेमा उक्त विल (रसिद) खारेजी वा सच्याउने जिम्मेवारी राजश्व शाखालाई दिने ।

**प्रस्ताव नं ७: वडा नं ८ र ११ को शहरी स्वास्थ्य केन्द्रमा अस्थायी अ.न.मी पद थप तथा विज्ञापन सम्बन्धमा**

**निर्णय नं ७ :** विदुर नगरपालिका स्वास्थ्य शाखाबाट समग्र दरवन्दी र खटाइएका कर्मचारी विवरण पेश भए पश्चात आवश्यकता अनुसार स्वास्थ्य केन्द्रहरुमा अस्थायी पद सिर्जना र विज्ञापन माग गर्ने ।

**प्रसताव नं ८: बसपार्कको ठेक्का सम्झौता सम्बन्धमा**

**निर्णय नं ८ :** विदुर नगरपालिका अन्तर्गत वडा नं.४ मा रहेको वसपार्क ठेक्कामा दिन वोलपत्र प्रकाशन गरी उक्त ठेक्का भैरवी कन्स्ट्रक्सन, वट्टार ४ लाई परेको र उक्त ठेक्कामा ४०%, नगद र ६०% बैंक ग्यारेन्टी माग गरी ठेक्का आह्वान गरेकोमा भैरवी कन्स्ट्रक्सनले कुल २४ महिनाको ठेक्का रकमको मासिक रुपमा हुन आउने रकम बुझाउने गरी र दुई वर्षको बैंक जमानतलाई जम्मा साकार गरेको रकमलाई २ ले भाग गरी हुन आउने रकमलाई एक वर्षको मानी सोहि बमोजिमको आ.व. २०८०।८१ समाप्त भएको मितिले ३५ दिन पछि सम्म म्याद भएको पर्फमेन्स वोन्ड राखी उक्त ग्यारेनटीलाई आ.व. २०८१।८२ को श्रावण मसान्त सम्ममा नवीकरण गर्ने गरी सम्झौता गर्न पाउं भनी यस कार्यालयमा निवेदन पेश गरेको हुंदा सोहि अनुसार कागजात पेश गरे पछि एक आर्थिक वर्ष समाप्त हुनु अगावै थप १ वर्षको पर्फमेन्स वोन्ड नल्याएमा ठेक्का सम्झौता रद्द हुने गरी २ वर्षे ठेक्का सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने ।

**प्रस्ताव नं ९ : दुधेलामा कालिकाको छलफल सम्बन्धमा**

**निर्णय नं ९ :** विदुर नगरपालिका वडा नं.११ मा रहेको ऐतिहासिक तथा पर्यटकिय स्थलको डि.पी.आर. तयार गरी उक्त क्षेत्रको विकास गरी पर्यटकिय स्थल घोषणा गर्न आवश्यक प्रक्रिया थालनी गर्ने ।

**प्रस्वान नं १०: विविध**

**निर्णय नं.१०:**

**क) सहकारी संस्थाको लेखा परीक्षक सूचीकरण सम्बन्धमा**

विदुर नगरपालिका अन्तर्गत रहेका सहकारी संस्थाको लेखा परिक्षण समय भित्रै तथा व्यवस्थित र एकरुपताका साथ गराउनु पर्ने भएकोले आ.व.०७९/०८० को लेखा परिक्षण गर्न पहिला लेखापरिक्षक सूचिकृत हुनु पर्ने आवश्यक देखिएकोले सहकारीको लेखा परिक्षण गर्न विदुर नगरपालिकाले पास गरेको आर्थिक ऐन अनुसार शुल्क लिने गरी सूचिकृतको लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने । विद्यालयको लागि लेखा परिक्षणको सूचिकृत गर्ने गरेको कार्यलाई निरन्तरता दिने ।

**ख) घ वर्गको इजाजत पत्र सम्बन्धमा**

यस कार्यालयमा सूचिकृत भएका घ वर्गका ठेक्का इजाजत पत्रको नवीकरणको म्याद सकिएका इजाजत पत्रको नवीकरण गर्दा जरिवाना म्याद नाघि सकेपछि पहिलो वर्षलाई ३०,०००। र प्रत्येक थप वर्षको लागी रु १०,०००। जरिवाना लिई म्याद नवीकरण गर्ने र जिल्ला भित्र अर्को स्थानिय तहमा ठाउंसारि गरी लैजाने माग भएमा रु ५,०००। र अन्तर जिल्लाको लागि माग भएमा रु १०,०००। शुल्क लिई ठाउंसारी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**ग. न्यायिक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा**

विदुर नगरपालिका वडा नं.८ सामरीखोला किनारमा वस्ने कुमारी तामाङ र प्रकाश अधिकारी सहितको मुद्दामा न्यायीक समितिमा छलफल हुंदा प्रकाश अधिकारीले पिडित कुमारीतामाङ सहितको घरमा क्षेती पुर्याएकोमा न्यायीक समितिमा छलफल हुंदा भएको क्षेती मध्ये ५० % प्रकाश अधिकारी र बांकी ५० % विदुर नगरपालिकाले व्यहोर्ने सहमती भए अनुसार ८३ औं कार्यपालिका बैठकबाट ल.इ निकाली पेश गरे पश्चात आवश्यक निर्णय गर्ने भनिए अनुसार संरचना निर्माण गर्न १२,१३,४५४।- को ल.ई. उपलब्ध भएको हुंदा सो विषय सम्बन्धमा जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने ।

**घ. ठेक्काको म्याद थप सम्बन्धमा**

विदुर नगरपालिकाको गंगटे आपघारी सडक र हात्तिगौडा राइसिङ सडक निर्माणको ठेक्काको म्याद २०८०।०४।१२ गते सम्म रहेको र सो अवधि भन्दा २१ दिन अगाडि दुवै ठेकेदारवाट म्याद थपको लागि निवेदन प्राप्त भएको तर आवश्यक सवै कागजात समयमै प्राप्त नभएकोले कागजात प्राप्त भएपछि मात्र म्याद थप गर्ने ।

**ङ विद्यालय नर्सको थप कामकाज सम्बन्धमा**

देवीघाट वृद्ध आश्रममा नर्स खटाउने सम्वन्धमा स्वास्थ्य शाखावाट पेश भए अनुसार वडा र सम्वन्धित विद्यालयवाट हप्तामा १ दिन काम गर्ने गरी पठाउने।

**च. भूमिहिन दलित र भुमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन भूमि अनयोग जिल्ला शाखामा सिफरिस गर्ने सम्बन्धमा**

विदुर नगरपालिका भित्रका भुमिहीन दलित र भुमिहीन सुकुम्वासीहरुले जग्गाधनी प्रमाणपुर्जा प्राप्तिको लागि निवेदन दिएका व्यक्तिहरुको डाटा NALCIS सिष्टममा ईन्ट्रि गरी उक्त विवरणहरु वडामा पठाई १३ वटै वडा कार्यालयहरुवाट ७ दिने सुचना प्रकाशन गरी त्यस उपर कसैको पनि दावी विरोध तथा उजुरीहरु नपरेको भनी विवरण सहित यस कार्यालयमा प्राप्त भएकोमा उक्त नामावली विवरणहरु उपर मिति २०८० श्रावण ७ गते वसेको विदुर नगरपालिका स्तरिय भुमिहीन दलित र भुमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासी व्यवस्थापन सहजीकरण समितिको वैठकको निर्णयानुसार नामावली विवरण सहितको सूचना प्रकाशन गरिएकोमा उक्त समयसिमा भित्र कसैको पनि उजुरीं तथा दावीविरोध नपरेकोले भुमिहीन दलित र भुमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धि कार्यविधि २०७८ दफा १२ (२) वमोजिम उक्त नामावली सहित भुमि आयोगको जिल्ला शाखामा ऐन वमोजिम जग्गा उपलब्ध गराउन सिफारिस गर्ने ।

Scanned with CamScanner